धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूचि-१४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

**युनाइटेड मोदी हाइड्रोपावर लिमिटेडको आ.व. २०७८/७९ को दोस्रो त्रैमासिक अवधिको बिवरण**

UMH UNITED MODI HYDROPOWER

# United Modi Hydropower Ltd.

Kamaladi, Kathmandu, Nepal

## Balance Sheet as on Poush 30, 2078 (Unaudited)

'NPR '000

| Particulars | As of Poush end, 2078 | As of Ashwin end, 2078 | As of Poush end, 2077 |
|---|---|---|---|
| | | | |
| Assets | | | |
| Non-Current Assets: | | | |
| Properties, Plant & Equipments | 1,538,189 | 1,556,648 | 1,569,213 |
| Other Fixed Assets | 8,558 | 8,999 | 10,477 |
| Investments | 680,000 | 511,250 | 4,000 |
| Total Non-Current Assets | 2,226,748 | 2,076,897 | 1,583,690 |
| Current Assets: | | | |
| Deposits | 3,158 | 3,158 | 158 |
| Other Loans & Advances | 23,227 | 23,227 | 29,874 |
| Sundry Debtors | 103,759 | 65,504 | 98,305 |
| Inventories | - | - | 9,435 |
| Cash & Bank Balance | 1,917 | 3,361 | 561 |
| Prepaid Expenses | 1,966 | 3,425 | 2,177 |
| Total Current Assets | 134,028 | 98,675 | 140,511 |
| **Total Assets** | **2,360,776** | **2,175,572** | **1,724,201** |
| | | | |
| **Equity** | | | |
| Share Capital | 1,150,000 | 1,150,000 | 1,150,000 |
| Reserve and Surplus | 101,851 | 62,635 | 28,693 |
| Total Equity | 1,251,851 | 1,212,635 | 1,178,693 |
| Liabilities | | | |
| Non-Current Liabilities: | | | |
| Secured Loans | 1,033,769 | 900,614 | 483,492 |
| Total Non-Current Liabilities | 1,033,769 | 900,614 | 483,492 |
| Current Liabilities: | | | |
| Trade and Other Payables | 19,375 | 18,923 | 14,862 |
| Overdraft Loan | 37,941 | 30,216 | - |
| Dividend Payable | 11,442 | 11,442 | 37,043 |
| Provisions | 6,398 | 1,741 | 10,111 |
| Total Current Liabilities | 75,156 | 62,323 | 62,017 |
| Total Liabilities | 1,108,925 | 962,936 | 545,508 |
| **Total Equity and Liabilities** | **2,360,776** | **2,175,572** | **1,724,201** |

**Profit & Loss Accounts for the period ended Poush 30, 2078 (Unaudited)**

| Particulars | 2nd Quarter FY 2078/79 | 1st Quarter FY 2078/79 | 2nd Quarter FY 2077/78 |
|---|---|---|---|
| Revenue from Operations | 146,849 | 39,742 | 156,227 |
| Less: Direct Expenses | (7,422) | (1,600) | (5,560) |
| Gross Profit | 139,427 | 38,142 | 150,668 |
| Other Income | 308 | 306 | 1,907 |
| Staff Costs | (12,358) | (6,658) | (11,417) |
| Inventories Written Off | - | - | (42,869) |
| Other Operating Costs | (19,287) | (8,890) | (17,299) |
| Financial Costs | (41,416) | (18,455) | (25,696) |
| Depreciation | (37,798) | (18,899) | (37,019) |
| Provision for Staff Bonus | (578) | - | (366) |
| Net Profit before Tax | 28,299 | (14,454) | 17,910 |
| Income Tax | (3,537) | - | (2,239) |
| **Net Profit** | **24,762** | **(14,454)** | **15,671** |

Note: The figures are regrouped and rearranged where necessary.
The Unaudited Financial figure are subject to change from external auditors and Regulatory Authority.

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूचि-१४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

**युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड को आ.व. २०७८/७९ को दोस्रो त्रैमासिक अवधिको बिवरण**

१. **वित्तिय बिवरण**

क) त्रैमासिक अवधिको वासलात र नाफा/नोक्सान सम्बन्धी बिवरण यसै साथ संलग्न गरिएको छ र आ.ब. २०७८/०७९ को दोस्रो त्रैमासिक अवधिको वासलात तथा नाफा नोक्सान हिसाब किताब मिति २०७८/१०/२६ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित गरिने छ।

ख) प्रमुख वित्तिय अनुपातहरूः

| प्रति शेयर आम्दानी (रु.) (EPS)** | शेयरको बजार मूल्य (रु.) | प्रति शेयर नेटवर्थ (रु.) | प्रति शेयर कुल सम्पतिको मूल्य (रु.) | तरलता अनुपात |
|---|---|---|---|---|
| २।१५ | ४२५।१० | १०८।८६ | २०५।११ | १।७८ |

**EPS वार्षिकिकरण नगरिएको।

२. **व्यवस्थापकीय विश्लेषण**

यस त्रयमासमा मिति २०७८ भाद्र १८ गते देखि बाढी पहिरोबाट काबु बाहिरको परिरिस्थित सृजना भएर पुर्णरुपमा मेशिनहरू बन्द भएकोमा मिति २०७८ कार्तिक ०८ गते बेलुका देखि नियमित विद्युत उत्पादन शुरु भई, मिति २०७८ कार्तिक ०८ गते बेलुका देखि काबु बाहिरको परिस्थिती अन्त्य भएको जानकारी गराउदछौं। पहिरोले तल्लो मोदी १ जलबिद्युत आयोजना (१० मे.वा) को विभिन्न संरचनामा बाढी पसी पहिरोले क्यानल, सेरवाल तथा अन्य संरचनामा क्षति भएको साथै उक्त बाढी पहिरोबाट लस अन प्रफिट अन्र्तगत आंशिक रुपमा भुक्तानी भएको र सामान्य सम्पत्ति बिमालेख अन्र्तगत मर्मत सम्भार जारी रहेको र इन्श्योरेन्समा दाबी प्रक्रियामा रहेको जानकारी गराउदछौं। यस त्रयमासमा काबु बाहिरको परिरिस्थित अन्त्य भए पश्चात पानीको प्रवाहमा सुधार भई उत्पादन सन्तोष्जनक भएको छ। यस आयोजनापुर्ण रुपमा प्राकृतिक श्रोतमा निर्भर हुने हुदाँ आगामि दिनहरूमा पानी परि उत्पादन सन्तोष्जनक हुनेमा कम्पनि आशावादी छ।

३. **कानूनी कारबाही सम्बन्धी बिवरण**

यस कम्पनी वा यसका संस्थापक वा सञ्चालकको बिरुद्धमा कम्पनीको व्यवसायिक कारोबार सम्बन्धी कुनै पनि मुद्धा दायर नभएको।

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी बिश्लेषण**

यस कम्पनीको त्रैमासिक अवधिको शेयर कारोवार सम्बन्धि बिबरण :

| अधिकतम मूल्य (रु.) | न्यूनतम मूल्य (रु.) | अन्तिम मूल्य (रु.) | करोवार भएको कुल दिन | कारोवार संख्या | कारोवार रकम |
|---|---|---|---|---|---|
| ४८९।९० | ३२१।५० | ४२५।१० | ३९ | ४,५०२,९६६ | १,८०३,८४९,८३७।- |

५. **समस्या तथा चुनौती**

यस कम्पनीले बहन गर्नु पर्ने बाह्य समस्या तथा चुनौतीमा पूर्वानुमान गरे भन्दा बाहिरको बाढी, पहिरो लगायत अन्य दैवी प्रकोपको चुनौती सदैव रहिरहने हुन्छ। नदीमा जलको प्रवाहमा कमी हुन गएमा आयोजनाबाट हुने विद्युत उत्पादनमा असर पर्न सक्दछ।

६. **संस्थागत सुशासन**

कम्पनीमा संस्थागत सुशासन राख्न व्यवस्थापन सदैव प्रतिबद्ध रहेको छ। कम्पनीको सञ्चालनलाई व्यवस्थित गर्न तथा विभिन्न जोखिमहरू न्यूनिकरण गर्न समयानुकूल नीति निर्देशिकाहरू सञ्चालक समितिले पारित गरी लागू गर्दै आएको छ। कम्पनी ऐन २०६३ को प्रावधान बमोजिम कम्पनीका सञ्चालकको अध्यक्षतामा लेखापरीक्षण समिति गठन गरिएको छ। यसका साथै प्रचलित कानून, नियमन निकायहरूबाट प्राप्त निर्देशनहरू एवं लेखापरीक्षकको सुझाव अनुसार कार्य सम्पादन गरिदैं आएको छ।

७. **सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा बिवरणहरूको शुद्धता सम्वन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित बिवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सूसुचित निर्णय लिन आवश्यक कुनै बिवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन।

**युनाइटेड मोदी हाइड्रोपावर लिमिटेडका शेयरधनीहरुलाई लाभांश वितरण सम्बन्धी जरुरी सूचना**

मिति २०७७ पौष २२ गते सम्पन्न सातौ वार्षिक साधारण सभाबाट स्वीकृत ५.२६३% नगद लाभांश शेयरधनीहरुको बैंक खातामा जम्मा गर्ने कार्य भईरहको हुनाले कोहि शेयरधनीहरुको खातामा जम्मा नभएको वा बैंक खाताको बिवरण नबुझाइएको भएमा साथै यस अघि साधारण सभाबाट पारित लाभाशं यदि कुनै शेयरधनीमहानुभावले नलिनुभएको भए यथाशीघ्र कम्पनीको शेयर रजिष्ट्रार सिबिआइएल क्यापिटल लि., बाटुलेघर, डिल्लिबजार काठमाण्डौ, फोन नं. ०१-४४१८६६७/४४१७७२३ मा सम्पर्क गरी जानकारी लिनुहुन अनुरोध गर्दछौं। साथै कुनै शेयरधनीले ५ वर्षसम्म बुझी नलिएको नगद लाभांश रकम लगानीकर्ता संरक्षण कोषमा जम्मा गर्नुपर्ने भएको हुंदा कम्पनी ऐन २०६३ को दफा १८२ को उपदफा (१०) तथा लगानीकर्ता संरक्षण कोष व्यवस्थापन तथा संचालन कार्यविधि, २०७३ को दफा ५ को उपदफा (३) तथा दफा ७ को उपदफा (२) समेतको प्रयोजनार्थ आफ्नो रकम सुरक्षित गर्नुहोला। अन्यथा उक्त अवधि पश्चात लिन बांकी नगद लाभांश लगानीकर्ता संरक्षण कोषमा जम्मा गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराउंदछौ।